नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

**अत्यन्त जरुरी**

पत्र संख्या : ०७६/७७
चलानी नं. : ८२

मिति: २०७७/०४/०९

श्री सम्पुर्ण सदस्य दलालहरु,

**विषय : हार्डवेयर तथा जनशक्ति बारे ।**

महाशय,

उपरोक्त सम्बन्धमा नेप्सेको प.सं. २०७४/७५, च.नं. ७५५, मिति २०७५/०२/३० मा यस लि. ले Fully Automated Online Trading System जडान गर्न हार्डवेयर तथा जनशक्ति बारे मापदण्ड तोकेको विदितै छ ।

अत: तहाँबाट लगानीकर्तालाई गुणस्तरीय सेवा दिन निम्नानुसार कार्य गर्न गराउन धितोपत्र बजारको सदस्यता तथा कारोबार विनियमावली, २०५५ को विनियम ११ (२) (११) बमोजिम यो निर्देशन जारी गरिएको छ :-

१. अनलाईनमार्फत कारोबार गर्ने गरी सदस्य दलालबाट युजरनेम र पासवर्ड लिने लगानीकर्ताको सख्या ४० हजार पुगेको आजको अवस्थामा त्यस सदस्य दलालले नेप्सेबाट तोकिए बमोजिमको हार्डवेयर तथा सफ्टवेयरयुक्त डाटा सेन्टरको क्षमता तथा प्राविधिक जनशक्ति निरन्तर रुपमा चुस्त दुरुस्त कायम राख्ने,

२. नट्स मार्फत सहज कारोबार गर्न/गराउन लगानीकर्तालाई नाम, ठेगाना, तीन पुस्ते, नागरिकता नम्वर, बैक खाता, निक्षेप खाताहरुको यकिन विवरण राख्ने,

३. लगानीकर्तालाई अनलाईन सञ्चालन सम्वन्धी अधारभूत प्रशिक्षण दिने एवम् कारोबारका क्रममा कुनै समस्या आएमा तुरुन्तै समाधान गर्ने गरी सहायता कक्ष (Help Desk) को तुरुन्त व्यवस्था गर्ने,

४. नेप्सेले उपलब्ध गराएको अनलाईन सम्वन्धी निर्देशिका अनुसार लगानीकर्तालाई कारोबार गर्ने गरी युजरनेम तथा पासवर्ड उपलब्ध गराउन अघि सञ्चालन गर्ने तरिका बारे जानकारी दिने,

५. लगानीकर्ताको सेयर खातामा पर्याप्त मौज्दात भए/नभएको यकिन गरेर मात्र आदेश प्रविष्ट हुन सक्ने व्यवस्था मिलाईएको हुँदा लगानीकर्ता आफूले कारोबार गर्ने खाता (सदस्य दलालसँग

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल ।
P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538
email : info@nepalstock.com
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.

अत्यन्त जरुरी

पत्र संख्या : ६६/६८

चलानी नं. : ४२

खोलिने खाता) र सदस्य दलाललाई उपलब्ध गराएको सेयर निक्षेप खाता (डिपि एकाउन्ट) एउटै भएको सुनिश्चित कारोवार गर्ने/गराउने,

६. सदस्य दलालहरुको कार्यालयको टेलिफोन, मोवाईल नउठेको जस्ता गुनासो प्राप्त भएकोले यस्ता गुनासो अब आईन्दा उप्रान्त आउन नदिने व्यवस्था तुरुन्त मिलाउने,

७. प्रचलित ऐन, नियम, विनियम, तथा निर्देशनमा तोकिए वमोजिमका योग्यता पुगेका कर्मचारीवाट मात्र धितोपत्रको कारोबारसँग सम्वन्धित कार्य गर्नु/गराउन हुन ।

भवदीय,

मिलन मगर

वरिष्ठ अधिकृत

सुपरिवेक्षण शाखा

**बोधार्थ:**

श्री नेपाल धितोपत्र वोर्ड

जावलाखेल, ललितपुर ।

श्रीमान् प्रमुख कार्यकारी अधिकृतको सचिवालय, नेप्से ।